# रौतेलीविचवा गा.वि.स.मा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

२०७२

आयोजक :

**जिल्ला विकास समितिको कार्यालय,**

**कंचनपुर**

## १) पृष्ठभुमी :

यद्यपी जिविस पहिले देखि नै जनमुखी थियो, तर जनताका बुझाई हरु फरक थिए । धैरै का बुझाई आजसम्म पनि फरकै छन । कर्मचारी संयन्त्र बाट सञ्चालन हुने कार्यहरुका सवालमा समय सापेक्ष रुपमा टिप्पणी हुने सम्भावना पनि बढि हुन्छ । प्रजातान्त्रीक अभ्याससगै विकास भएको विकेन्द्रिकरणको नितिमा राष्ट्र अभ्यस्त हुदै आएको छ । लोकतन्त्र प्राप्ती पछि सरकारी गैरसरकारी सबै निकायहरुले कार्यशैलीमा पनि सुधार ल्याएका छन । नेपालमा स्थानीय विकास निर्माणका लागि जनताको प्रतिनिधिमुलक संस्थाको रुपमा जिल्ला विकास समिति तथा त्यो भन्दा पनि तल गाविसहरुले कार्य गर्ने संरचना छ । संरचनागत हिसाबले जिविस स्थानीय विकासको समन्वयकर्ता र प्रमुख सरोकारवाला निकाय पनि हो । देशको सबै भन्दा महत्वपुर्ण अंग मानिएका स्थानीय निकायले कसरी काम कारवाही गर्दछ त्यो लक्षित क्षेत्रका जनताको पहिलो जिज्ञासा र सरोकार को विषय हो भन्दा अतिसंयोक्ति पनि नहोला । तर अधिकांस जनता अझै गरिवि र अशिक्षाको रेखा मुनी नै भएकाले धेरैले जिविस तथा अन्य सरकारी निकायले के सेवा प्रदान गर्दछ भन्ने जानकारी नै पाउन नसकेको यर्थात हामी सामु छ ।

यसै समस्यालाई ध्यानमा राखि जिल्ला विकास समितिको कार्यालयले आ.व. ०६३/०६४ देखि नै सार्वजनिक सुनुवाईको आयोजना गर्दै आईरहेको छ । यसै सन्दर्भमा चालु आ.व.२०७१/०७२ को तेश्रो चौमासिकमा रौतेलीविचवा गा.वि.स.मा मिति २०७२।३।४ गतेका दिन सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको थियो ।

## २) कार्यक्रम संचालन भएको स्थान :

यस पटकको सार्वजनिक सुनुवाई कार्यक्रमलाई रौतेलीविचवा गा.वि.स.मा संचालन गरिएको थियो ।

## ३) कार्यक्रमका सहभागीहरु :

यस सार्वजनिक सुनुवाई कार्यक्रममा जम्मा १२७ जनाको सहभागिता रहेको थियो जसमा देहायका व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

| | |
|---|---|
| १) श्री सिद्धराज पन्त | कार्यक्रम अधिकृत |
| २) श्री भानदेव भट्ट | कार्यक्रम अधिकृत |
| ३) श्री मानप्रसाद भट्ट | सूचना अधिकृत |
| ४) श्री प्रेम वोगटी | कार्यकारी सचिव |
| ५) श्री टेकवहादुर चन्द | ना.सु. |

६) श्री वीरवहादुर विष्ट		खरिदार

७) श्री उद्धव महरा		सामाजिक सुरक्षा कार्यक्रम सहायक

८) रौतेलीविचवा गा.वि.स. राजनैतिक दलका पदाधिकारीहरु

९)रौतेलीविचवा गा.वि.स.सचिव

१०) सेवाग्राहीहरु

११) अन्य उपस्थित महिला तथा पुरुष

## ४) उदघाटन समारोह तथा आशन ग्रहण

* कार्यक्रम सञ्चालन : प्रेम वोगटी
* सभापती रौतेलीविचवा गा.वि.स. सचिव
* प्रमुख अतिथी श्री सिद्धराज पन्त कार्यक्रम अधिकृत
* रौतेलीविचवा गा.वि.स. राजनैतिक दलका पदाधिकारीहरु
* भानदेव भट्ट का.अ.
* मानप्रसाद भट्ट सूचना अधिकृत
* टेकवहादुर चन्द ना.सु.
* अन्य उपस्थित महिला तथा पुरुष

## ५) स्वागत एव कार्यक्रमको उद्देश्यबारे जानकारी :

भानदेव भट्ट का.अ.जिल्ला बिकास समिति कञ्चनपुर ।

## ६) नागरिक सुनुवाईको आचारसंहिता वारे जानकारी : प्रेम वोगटी

१) सुनुवाईका सहभागीले वोल्न लिखित वा संकेत (हात उठाएर) वाट अनुमति लिनु पर्दछ ।

२) संचालकले सहमति दिए पश्चात मात्र वोल्नु पर्नेछ ।

३) सहभागी तथा वक्ताहरुको लागि समय सीमा तोकिनु पर्दछ र समय सीमा भित्र रहि वोल्नु पर्दछ ।

४) सहभागीहरुले आफ्नो कुरा राख्न आफ्नो परिचयको साथै आफुले सेवा प्राप्त गर्दा भएको अनुभव विषय केन्द्रीत भएर वोल्नु पर्नेछ ।

५) अनावश्यक वा अनुपयुक्त वा असान्दर्भिक भनाईलाई संचालकद्वारा विच मै रोकी विषय केन्द्रीततर्फ ल्याउनु पर्दछ ।

६) सहभागीले पहिले उठीसकेका विषयवस्तुलाई दोहोर्‍याउन पाउने छैनन । पहिले उठिसकेका विषयवस्तुमा थप वा अन्य मत राख्नको लागि संचालकको अनुमति लिनु पर्नेछ ।

७) सुनुवाईको क्रममा व्यक्तिगत लान्छना लगाउन पाउने छैन र व्यक्तिगत कुरालाई सुनुवाईमा ल्याउन पाउने छैन ।

८) सहभागीहरुले समस्या वा गुनासाहरु राखेमा सो को समाधानको लागि सुझाव पनि दिनु पर्नेछ ।

**संचालकको आचारसंहिता**

१) पालैपालो नाम टिपाएर वोल्न लगाईनेछ ।

२) वोल्दा आफ्नो सेवा प्राप्त सम्वन्धी अनुभव भोगेका विषयवस्तुसंग सन्दर्भ मिलेको कुरा वोल्न लगाईनेछ र सकेसम्म तथ्य प्रकाश गर्न लगाईनेछ ।

३) व्यक्तिगत लान्छना भनाई राख्न रोक लगाईनेछ ।

४) समयलाई विचार गरी वोल्न लगाईनेछ ।

५) संचालकले आफ्नो भनाई नराखी सहभागीले उठाएको प्रश्न र जिज्ञासालाई स्पष्ट पार्ने वा पार्न लगाउने ।

६) सहभागीलाई शालिनतापूर्व प्रस्तुत गर्न लगाउने र लैङ्गिक समावेशीकरणलाई ध्यानमा राखि वोल्न लगाउने ।

## ७) खुला सत्र :

यस सत्रमा सेवाग्राहीहरुले सेवा प्रदायकसंग प्रश्न, जिज्ञासा, गुनासाहरु राख्नुभएको थियो जसको जवाफ, समाधान का.अ. सिद्धराज पन्त तथा शाखा संग सम्वन्धित कुराहरुको समाधान सम्वन्धित शाखा प्रमुखहरुले गर्नुभएको थियो ।

| सि.नं. | सहभागीको प्रश्न | जवाफ दिने पदाधिकारीको नाम, पद | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|
| १ | ठेक्का पट्टामा हिनामिना भएको देखिन्छ । सडक ग्रेभलको काम गुणस्तरीय भएको छैन । | का.अ. सिद्धराज पन्त | हिनामिना भएको होईन काम घटाघटमा गएको हो । जती काम भएको छ प्राविधिकले कामको त्यति नै मूल्यांकन गर्छ र सोही अनुसार भुक्तानी हुन्छ । |
| २ | कुनै पनि काम ठेक्का भन्दा उपभोक्ता समितिवाट गर्न | का.अ. सिद्धराज पन्त | रु. ५ लाख सम्मका योजना उपभोक्ता समितिवाट नै संचालन गरिन्छन । उपभोक्ता |

| | | | |
|---|---|---|---|
| | लगाएमा गुणस्तरीय हुन्छ, त्यसकारण उपभोक्ता समितिवाट काम गराउनु पऱ्यो । | | समिति गठन हुन नसकेमा मात्र अन्य प्रक्रिया वाट संचालन गरिन्छ । |
| ३ | जि.वि.स.मा गई काम गर्दा अलि झन्झटीलो छ । | का.अ. सिद्धराज पन्त | निर्देशिका अनुसारको प्रक्रिया अवलम्वन गर्ने गरिएको छ । |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुको गा.वि.स.मा पहुंच भएन । | का.अ. सिद्धराज पन्त | गा.वि.स.स्तरीय एकिकृत योजना तर्जुमा समितिमा अपाङ्गता भएका व्यक्तिवाट सदस्य रहने व्यवस्था छ सो मा तपाईको वर्गका उपस्थिति होला । त्यस्तै वडा नागरिक मंचमा पनि होला । नेपाल सरकारको नीति अनुसार गर्ने हो । |
| ५ | महिलाहरुमा जनचेतनाको कमी छ सो का लागि जि.वि.स.ले कार्यक्रम ल्याउनु पऱ्यो । | का.अ. सिद्धराज पन्त | गा.वि.स. स्तरीय योजना तर्जुमा हुदा खेरी यहाहरुले सक्रिय हुनुपऱ्यो । महिला हरुका लागि पूजिगत तर्फ १० प्रतिशत वजेटको व्यवस्था छ सो अन्तर्गत योजना माग गर्नुपऱ्यो । |
| ६ | महिला तर्फको वजेट अन्यत्र खर्च नहोस । | का.अ. सिद्धराज पन्त | लक्षित वर्गको वजेट अन्यत्र खर्च गर्न पाईदैन त्यसो गरेमा MCPM मा असफल हुने हुदा गरिदैन तथापी तपाईहरु चनाखो हुनु पर्छ । |
| ७ | रौतेलीविचवा गा.वि.स.को वजेट अन्य गा.वि.स.को वजेट भन्दा सधै किन कम हुन्छ ? | का.अ. सिद्धराज पन्त | नेपाल सरकारले सूत्रमा आधारित वजेट विनियोजन गर्ने गर्दछ । अन्य गा.वि.स. भन्दा यो गा.वि.स.मा वडाहरुको संख्या कम भएकोले वजेट कम उपलव्ध गराउछ । |
| ८ | स्वास्थ्य चौकीमा औषधीको अभाव छ यति सम्म कि जिवन जल सम्म छैन । | का.अ. सिद्धराज पन्त | अहिले देश भुकम्पले गर्दा संकटमा छ त्यसकारण औषधीको अभाव हुन सक्छ हामी जनस्वास्थ्य संग कुरा गरौला । |
| ९ | योजना फरफारक हुदा जि.वि.स.मा धेरै ढिला सुस्ती हुन्छ, किन ? | का.अ. सिद्धराज पन्त | प्रक्रिया पुरा भएको छ भने तुरुन्त फरफारक हुन्छ । स्था.वि.अ. ज्यूसंग सम्पर्क गर्नुहोला । |

**कार्यक्रमको अन्तमा**

सार्वजनिक सुनुवाई कार्यक्रमका प्रमुख अतिथी श्री सिद्धराज पन्तले कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुलाई धन्यवाद सहित मन्तव्यमा जि.वि.स.का आगामी कार्यक्रमहरु अझ पारदर्शीताका साथ अगाडी वढाईने कुरामा जोड दिनुभएको थियो । सभाध्यक्ष तथा गा.वि.स. सचिव श्री ललीतवहादुर चन्दले समापन गर्नुभएको थियो ।

# कार्यक्रमका फोटोहरु




कार्यक्रममा सहभागी जिज्ञासा राख्दै




कार्यक्रमका सहभागीहरु



सहभागी आफ्नो जिज्ञासा राख्दै




कार्यक्रमको एक दृष्य